# प्रविधि हस्तान्तरण कार्यविधि, २०७९

आन्तरिक मामिला तथा कानून बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# प्रविधि हस्तान्तरण कार्यविधि, २०७९

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

२०७९।०८।२९

**प्रस्तावनाः** प्रविधि हस्तान्तरण सम्बन्धी कार्यलाई व्यवस्थित तथा पारदर्शी बनाउन प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रविधि हस्तान्तरण कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उद्यमी" भन्नाले उद्योग व्यवसाय दर्ता गरी सञ्चालन गरेका उद्यमी वा उद्यमीहरुको समूह समेतलाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले घरेलु तथा साना उद्योग कार्यालयलाई जनाउनेछ।

(ग) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको दफा १० बमोजिम गठित निर्देशक समितिलाई सम्झनु पर्छ।

(घ) "निर्देशनालय" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयलाई सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनु पर्छ।

(च) "प्रविधि" भन्नाले उद्योग स्थापना तथा सञ्चालनको लागि उपयुक्त मेसिन, औजार र उपकरणहरुलाई सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम गठित मूल्याङ्कन समितिलाई सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

३. **<u>प्रविधि हस्तान्तरणमा आवेदन गर्न योग्य उद्यमीहरुः</u>** प्रविधि हस्तान्तरणको लागि अनुसूची- १ बमोजिमको उद्यमीहरुले मात्र आवेदन गर्न सक्नेछन्।

४. **<u>प्रस्ताव आह्वानः</u>** (१) यस कार्यविधि बमोजिम प्रविधि हस्तान्तरणको लागि कार्यालयले इच्छुक उद्यमीबाट प्रविधिको लागि अनुदान माग गरी निवेदन पेश गर्न सम्बन्धित जिल्लाभित्र प्रकाशित हुने राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रकाशित सूचनालाई कार्यालयले सम्बन्धित जिल्ला प्रशासनको कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, स्थानीय तहहरुको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाउनु पर्नेछ साथै कार्यालयले त्यस्तो सूचना आफ्नो र मन्त्रालयको वेवसाइट, सामाजिक सञ्जाल र अन्य उपयुक्त माध्यमबाट समेत प्रचार प्रसार गर्नु पर्नेछ।

(३) यस कार्यविधि अनुरूप प्रविधि अनुदान प्राप्त गर्न इच्छुक उद्यमीहरुले सूचनामा तोकिएको म्याद भित्र कार्यालयमा आफूलाई आवश्यक प्रविधिको विवरण सहित अनुसूची- २ बमोजिम निवेदन पेश गर्नु पर्नेछ।

(४) राजस्व सहित अनुसूची- २ बमोजिम अनिवार्य संलग्न गर्नुपर्ने कागजात सहित म्याद भित्र दर्ता नभएको निवेदन माथि कार्यालयले कुनै कारवाही अघि बढाउने छैन।

५. **<u>प्रस्ताव मूल्याङ्कन समितिः</u>** (१) यस कार्यविधि बमोजिम कार्यालयले प्रविधि हस्तान्तरण सम्बन्धी प्राप्त निवेदन मूल्याङ्कन तथा छनोटको लागि कार्यालयमा देहाय बमोजिम मूल्याङ्कन समिति रहनेछः-

(क) कार्यालय प्रमुख वा निजले तोकेको वरिष्ठतम् अधिकृत कर्मचारी - संयोजक

(ख) अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक इकाई - सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति - सदस्य

(घ) कार्यालयको लेखा हेर्ने कर्मचारी -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) कार्यालय प्रमुखले तोकेको कर्मचारी -सदस्य-सचिव

(२) मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) मूल्याङ्कन समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुई जनासम्म विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) मूल्याङ्कन समितिले प्रस्तावहरू मूल्याङ्कन गर्दा उद्यमीले माग गरेको प्रविधि उद्योगको प्रकृति/उद्देश्यसँग मेल खाने गरी प्रविधि माग गरेको हो वा होइन सो समेत यकिन गर्नुपर्नेछ।

(५) प्रस्ताव मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले अनुसूची- ३ बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ।

(६) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कनको सिलसिलामा आवश्यक ठानेमा कार्यालयले स्थलगत निरीक्षण गराई प्रतिवेदन लिन सक्नेछ।

(७) कार्यालयले उपदफा (६) अनुसार स्थलगत निरीक्षण गर्दा झुट्टा विवरण पेश गरेको देखिएमा प्रस्ताव रद्द गरी प्रचलित कानून अनुसार कारबाहीको लागि सिफारिस गर्नु पर्नेछ।

(८) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गरी बढीमा एक महिना भित्र कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

६. **<u>प्रविधि हस्तान्तरण सम्बन्धी बजेट निर्धारण</u>**: (१) कार्यालयले प्रविधि हस्तान्तरणको लागि चालु आर्थिक वर्षमा विनियोजन भएको बजेटबाट देहाय अनुसार हुने गरी विभाजन गर्नुपर्नेछः-

क) महिला उद्यमीको लागि १५ प्रतिशत

ख) अपाङ्ग/दलित/विपन्नको लागि १० प्रतिशत

ग) अघिल्लो आर्थिक वर्ष र चालु आर्थिक वर्षमा दर्ता भएका उद्योगको लागि १५ प्रतिशत

घ) सबै उद्यमीको लागि ५५ प्रतिशत

ङ) अनुगमन तथा मूल्याङ्कनको लागि ५ प्रतिशत

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) खण्ड (क), (ख) र (ग) बाट आवश्यक न्युनतम प्रस्ताव छनोट नभएमा वा आवश्यक भन्दा कम प्रस्ताव परी प्रविधि हस्तान्तरणको लागि छुट्याइएको बजेट खर्च नहुने भएमा त्यस्तो खर्च नभएको बजेटबाट समेत उपदफा (१) को खण्ड (घ) अन्तर्गतको सूचीमा बढी अङ्क प्राप्त गर्ने उद्यमीलाई क्रमशः प्रविधि हस्तान्तरण गर्ने गरी छनोट गर्नु पर्नेछ।

७. <u>**प्रविधि हस्तान्तरण प्रक्रियाः**</u> (१) मूल्याङ्कन समितिले सिफारिस गरे बमोजिम कार्यालयले प्रविधि खरिद गर्न लागत अनुमानको अधिकतम पचास प्रतिशत वा पाँच लाख रूपैयाँ मध्ये जुन कम हुन आउँछ सोही बराबरको रकम उद्यमीलाई अनुदान उपलब्ध गराउने गरी स्वीकृत गर्न सकिनेछ।

(२) कार्यालयबाट गठन भएको खरिद इकाईले उद्यमीले माग गरेको प्रविधिको स्पेशिफिकेशनको आधारमा प्रविधि खरिदका लागि प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम अनुसार न्यूनतम दररेट सहितको लागत अनुमान तयार गर्नु पर्नेछ।

तर यस उपदफामा उल्लेख भए बमोजिम कुनै प्रस्तावदाताले माग गरेको प्रविधि बजारमा उपलब्ध नभएको कारणले लागत अनुमान तयार गर्न नसकिने देखिएमा त्यस्तो प्रविधि खरिद प्रकृया अघि बढाइने छैन।

(३) उपदफा (२) बमोजिम निर्धारित लागत अनुमान बमोजिम प्रविधि खरिदका लागि सम्बन्धित उद्यमीलाई कार्यालयले पन्ध्र दिनभित्र सम्झौताको लागि आह्वान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सम्पर्क गर्ने उद्यमी सँग कार्यालयले अनुसूची- ४ बमोजिम सम्झौता गर्नु पर्नेछ। सम्झौतामा प्रथम पक्षको तर्फबाट कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत र दोस्रो पक्षको तर्फबाट उद्यमी स्वयंले दस्तखत गर्नु पर्नेछ।

(५) सम्झौता बमोजिम उद्यमीले बढीमा दुई महिनाभित्र प्रविधि खरिद गरी सक्कल बील संलग्न गरी कार्यालयमा अनुदान रकम भुक्तानीका लागि निवेदन दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(६) उपदफा (५) बमोजिम निवेदन प्राप्त भए पश्चात कार्यालयले स्थलगत अनुगमन गरी तोकिएको स्पेसिफिकेशन बमोजिम उद्यमीले खरिद गरे नगरेको प्रतिवेदन तयार गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम स्थलगत अनुगमन गर्दा उद्यमीले कार्यालयबाट स्वीकृत प्रविधि खरीद गरी सोही प्रयोजनका लागि प्रयोग गरेको देखिएमा उपदफा (१) अनुसार हुन आउने रकम बढीमा दुई महिना भित्र सम्बन्धित उद्योग/उद्यमीको बैङ्क खातामा जम्मा गरी दिनेछ।

८. **<u>शर्त तथा कारबाहीः</u>** (१) उद्यमीले यस कार्यविधि बमोजिम प्राप्त गरेको प्रविधिको उचित सदुपयोग नभएमा वा नगरेमा कार्यालयले त्यस्तो मेशिन जफत गर्ने वा सो मेशिन वापत प्रदान गरिएको रकम बराबर जरिवाना गरी असुल उपर गर्नेछ।

(२) प्रविधि प्राप्त गरेको मितिले पाँच वर्षसम्म उक्त प्रविधि उद्योगको उद्देश्य विपरीत अरुलाई हक हस्तान्तरण गर्न वा बिक्री वितरण गर्न पाइने छैन। उक्त अवधी भन्दा अगावै प्राप्त प्रविधि अरुलाई हक हस्तान्तरण वा बिक्री वितरण गरेमा उपलब्ध गराइएको प्रविधि वापतको रकम प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरी त्यस्ता उद्यमीलाई यस कार्यक्रमबाट पुनः अनुदान उपलब्ध गराइने छैन।

(३) एक पटक प्रविधि हस्तान्तरण गरिएका उद्यमीलाई तीन वर्ष व्यतित नभई पुनः प्रविधि सम्बन्धी अनुदान कार्यक्रममा सहभागी गराइने छैन।

९. **<u>अनुगमनः</u>** (१) यस कार्यविधि अनुसार प्रदान गरिएको प्रविधि सदुपयोग भए नभएको बारेमा कार्यालयले समय समयमा अनुगमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा सदुपयोग नभएको देखिएमा यस कार्यविधि अनुसार कारबाही गरी सो को प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**१०. <u>निर्देशक समिति सम्बन्धी व्यवस्थाः</u>** (१) कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न मन्त्रालयमा देहाय बमोजिमको एक निर्देशक समिति रहने छः-

(क) उद्योग तथा वाणिज्य महाशाखा प्रमुख, मन्त्रालय -संयोजक

(ख) निर्देशक, निर्देशनालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, प्रशासन, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) मन्त्रालयले तोकेको अधिकृतस्तर कर्मचारी -सदस्य-सचिव

(२) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) बैठकमा आवश्यकता अनुसार कुनै विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

**११. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u>** निर्देशक समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछः-

(क) प्रविधि हस्तान्तरण कार्यलाई प्रभावकारी बनाउन आवश्यक समन्वय गर्ने,

(ख) विभिन्न कार्यालयबाट गरिएको प्रविधि हस्तान्तरण कार्यको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने वा गर्न लगाउने,

(ग) निरीक्षण, अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा आवश्यकता अनुसार सुझाव तथा निर्देशन दिने,

(घ) कार्यक्रम कार्यान्वयनको सिलसिलामा कुनै समस्या उत्पन्न भएमा समाधान गर्न मन्त्रालयमा सिफारिस गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

१२. **<u>खारेजी तथा बचाऊः</u>** (१) प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि, २०७७ बमोजिम भए गरेको कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- १

(दफा ३ सँग सम्बन्धित)

**आवेदन गर्न योग्य उद्यमी**

| क्र.सं. | क्षेत्र | विषयहरु |
|---|---|---|
| १. | घरेलु उद्योग | प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची- २ अनुसारको उद्योग |
| २. | कृषि, पशुपंक्षी तथा वन पैदावारमा आधारित उद्योग | कृषि, पशुपंक्षी तथा वन पैदावारमा आधारित उद्योग |
| ३. | हस्तकला तथा सजावटका सामान उत्पादन गर्ने उद्योग | थाङ्का, मूर्तिकला, बेतबाँस, मिथिला पेन्टिङ्ग, बुड कार्भिङ्ग, स्टोन कार्भिङ्ग, छवाली कला, कपडामा जरी भर्ने र पेन्टिङ्ग गर्ने, माला, थैली, पर्स बनाउने, फोटो फ्रेम लेमिनेशन, पोते माला, सजावटका सामान उत्पादन गर्ने उद्योग |
| ४. | उत्पादनमूलक उद्योग | कच्चापदार्थ, सहायक कच्चापदार्थ वा अर्धप्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योग |
| ५. | होजियरी तथा पोशाक | सिलाई कटाई, ढाका बुनाई, गार्मेन्ट्स, गलैंचा, राडी पाखी बुनाई, इम्ब्रोइडरी फेशन डिजाइन, बक्रम बनाउने, धागो बुन्ने उद्योग |
| ६. | खाद्य सामाग्री प्रशोधन | सबै प्रकारको उद्योग |

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## अनुसूची- २

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मितिः.............................

प्रमुखज्यू,
घरेलु तथा साना उद्योग कार्यालय .......................।

**विषयः प्रविधि खरीदको लागि अनुदान उपलब्ध गराई पाउँ।**

महोदय,

मेरो/हाम्रो नाममा घरेलु तथा साना उद्योग कार्यालय ............. मा दर्ता भएको दर्ता नं. ............को उद्योग प्रवर्द्धन गर्न आवश्यक भएकोले प्रविधि हस्तान्तरण अन्तर्गत निम्न बमोजिमका मेसिन/औजार/उपकरण खरिदका लागि अनुदान उपलब्ध गराइदिनु हुन निवेदन दस्तुर वापत रू. १००।- (एक सय) राजश्व दाखिला गरेको बैंक भौचर/नगदी रसिद सहित यो निवेदन पेश गरेको छु/छौं।

**निवेदकको विवरण**

१. उद्योगीको नाम, थर, लिङ्ग र ठेगानाः
२. उद्योगको नाम, ठेगानाः
३. उद्योग दर्ता नं. र दर्ता मितिः
४. उद्योगमा लगानी भएको पुँजी
   (क) स्थिर पुँजीः
   (ख) चालु पुँजीः
   (ग) जम्मा पुँजीः
५. उद्योगबाट उत्पादन हुने वस्तुको विवरण (वार्षिक):
६. उत्पादन निर्यात गर्ने/नगर्नेः
   निर्यात गर्ने भए गतवर्ष गरेको निर्यातको विवरणः
७. उद्योगले प्रदान गरेको रोजगारी संख्याः
८. उद्योगमा प्रयोग हुने कच्चापदार्थ र श्रोतः
९. यसअघि कुनै सरकारी अनुदान प्राप्त गरे/नगरेकोः
   गरेको भए अनुदान दिने निकाय, रकम र मितिः
१०. माग गरेको मेसिन/औजार/उपकरणको नाम र अनुमानित लागतः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

११. उत्पादनमा हुने मूल्य अभिवृद्धिको प्रतिशतः

**<u>अनिवार्य रूपमा संलग्न गर्नुपर्ने कागजातहरुः</u>**

१. उद्योग दर्ता/नवीकरण प्रमाणपत्र

२. PAN दर्ता नं. र कर चुक्ता पत्र (गत आ.व. सम्मको)

३. समावेशी समूह भए सोको प्रमाणपत्र

४. अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपीहरु।

**<u>निवेदक</u>**
नामः
दस्तखतः
मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ३

(दफा ५ को उपदफा (५) सँग सम्बन्धित)

**प्रस्ताव मूल्याङ्कनका आधारहरु**

| क्र.स. | मूल्याङ्कन आधार | प्रदान गरिने अंक |
|---|---|---|
| **१** | **उद्योगको प्रकार** | **१५** |
| १.१ | सहकारी बाट संचालन भएको उद्योग | १५ |
| १.२ | १.१ भन्दा बाहेकको उद्योग | १० |
| **२** | **व्यापारघाटा न्यूनिकरण** | **१५** |
| २.१ | स्वदेशी बजारमा मात्र उत्पादन सिमित रहेको उद्योग | ५ |
| २.२ | निर्यात गर्ने उद्योग (Exim Code लिई निर्यात गरिसकेको प्रमाण आवेदन साथ पेश गरेको) | १५ |
| **३** | **कच्चा पदार्थ** | **१०** |
| ३.१ | पचास प्रतिशत सम्म स्थानीय कच्चा पदार्थ प्रयोग हुने उद्योग व्यवसायहरु<br><br>(मूल्यको आधारमा कम्तीमा पचास प्रतिशत स्थानीय कच्चा पदार्थ हुनुपर्ने) | ५ |
| ३.२ | पचास प्रतिशत भन्दा माथि स्थानीय कच्चा पदार्थ प्रयोग हुने उद्योग व्यवसायहरु<br><br>(मूल्यको आधारमा कम्तीमा पचास प्रतिशत भन्दा माथि स्थानीय कच्चा पदार्थ हुनुपर्ने) | १० |
| **४** | **रोजगारी सिर्जना** | **१५** |
| ४.१ | ३ जनासम्म रोजगारी भए | ५ |
| ४.२ | ४ देखि १० जनासम्म रोजगारी भए | १० |
| ४.३ | १० जनाभन्दा बढी रोजगारी भए | १५ |
| **५** | **भौगोलिक क्षेत्र** | **१५** |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | |
|---|---|---|
| ५.१ | गाउँपालिकामा सञ्चालित उद्योग | १५ |
| ५.२ | नगरपालिकामा सञ्चालित उद्योग | १० |
| ५.३ | महा/उपमहानगरपालिकामा सञ्चालित उद्योग | ५ |
| **६** | **अनुदान प्राप्तिको अवस्था (स्वघोषणा गर्नुपर्ने)** | **१०** |
| ६.१ | यस अघि सरकारी निकायबाट अनुदान प्राप्त नगरेको उद्यमी | १० |
| ६.२ | यस अघि सरकारी निकायबाट अनुदान प्राप्त गरेको उद्यमी | ५ |
| **७** | **सीपमूलक तालिम** | **१०** |
| ७.१ | उद्योगको उद्देश्यसँग तादात्म्यता हुनेगरी सरकारी निकायबाट सीपमूलक तालिम लिएको उद्यमीद्वारा सञ्चालित उद्योग | १० |
| ७.२ | ७.१ मा उल्लेख भए बाहेकका उद्योग | ५ |
| **८** | **मूल्य अभिवृद्धि** | **१०** |
| ८.१ | तीस प्रतिशत सम्म मूल्य अभिवृद्धि हुने उत्पादन भएका उद्योग | ५ |
| ८.२ | तीस प्रतिशत भन्दा माथि मूल्य अभिवृद्धि हुने उत्पादन भएका उद्योग | १० |
| | **कुल जम्मा** | **१००** |

**नोटः**

उल्लेखित मूल्याङ्कनका आधारमा मूल्याङ्कन गर्दा कम्तीमा ६० (साठी) अङ्क प्राप्त गर्ने उद्योग व्यवसायहरुलाई मात्र छनोट गरिने छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ४

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

**प्रविधि हस्तान्तरणको सम्झौता**

लिखितम् .................... जिल्ला .........................महा/उपमहा/न.पा. /गा.पा. वडा नं. .... बस्ने म श्री .................... (उद्योग दर्ता नं............., दर्ता मिति....................) ले घरेलु तथा साना उद्योग कार्यालय, ............ बाट निम्न विवरणको मेसिन/औजार/उपकरण खरीदका लागि अधिकतम ५० प्रतिशत अनुदान प्राप्त गर्ने गरी छनोट भएकोले प्रविधि हस्तान्तरण सम्बन्धी कार्यविधि, २०७९ बमोजिम उक्त मेसिन/औजार/उपकरण खरिद गरी नियमानुसार भुक्तानीको लागि पेश गर्नेछु। मैले बुझेका मेसिन/औजार/उपकरणहरु आफ्नो उद्योग व्यवसायको प्रवर्द्धन र विस्तारमा प्रयोग गर्नेछु। प्रविधिको उचित सदुपयोग नभएमा वा नगरेमा सो मेसिन वापत प्रदान गरिएको रकम बराबर जरिवाना तिर्न मन्जुर छु। साथै उक्त मेसिन/औजार/उपकरण आजका मितिले पाँच वर्षसम्म कसैलाई पनि बिक्री वितरण वा हक हस्तान्तरण गर्ने वा भाडामा दिने छैन र अनुदान प्राप्त भए पश्चात आगामी तीन वर्षसम्म पुनः प्रविधि हस्तान्तरणको लागि आवेदन गर्ने छैन। यो सम्झौता विपरित गरेमा नियमानुसार प्राप्त अनुदान वापतको रकम फिर्ता समेतको कारबाही व्यहोर्न राजी छु भनी यो सम्झौता गरिदिएँ।

अनुदानबाट खरिद गर्ने मेसिन/औजार/उपकरणको विवरण

| सि. नं. | मेसिन/औजार /उपकरणको नाम | परिमाण | प्रति इकाई दर | जम्मा मूल्य | कार्यालयले व्यहोर्ने मूल्य | उद्यमीले व्यहोर्ने मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**कार्यालयको तर्फबाटः**

कर्मचारीको दस्तखतः

नाम, थरः

पदः

मितिः

छापः

साक्षीः

**उद्योगको तर्फबाटः**

उद्योगीको दस्तखतः

नाम, थरः

उद्योगको नामः

मितिः

छापः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश